नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
भैरहवा, रुपन्देही

फोनः ०७१-५७०९१७
०७१-५७०२०१
०७१-५८७००६

Email: pmamp.piu.rupandehi@gmail.com
Website: piurupandehi.pmamp.gov.np

पत्र संख्या :-
चलानी नं. :-

## आलुको बीउको दररेट प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

सूचना नं. ८/२०८२/८३

सूचना प्रकाशित मिति : २०८२/०६/०२

यस एकाइको चालु आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार रुपन्देहीको आलु जोन प्रभाव क्षेत्रमा आलुको क्षेत्रफल बिस्तार तथा बीज वृद्धि कार्यक्रमको लागि माग भएको आलुको विभिन्न स्तरको बीउ उपलब्ध गराउन विभिन्न बीउ उत्पादक संस्थाहरुले आ-आफ्नो संस्था सूचिकृत गरी यस कार्यक्रमको website: piurupandei.pmamp.gov.np बाट आलुको बीउको मूल्य सूची प्रस्ताव फारम डाउनलोड गरी तपसिल बमोजिमको आवश्यक कागजात तथा विधि सहित सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र सिलबन्दी मूल्य सूची प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै प्रस्ताव बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा तत्पश्चात कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिने छ ।

तपसिलः

१. तोकिएको मिति भित्र रित पूर्वक भरेको सिलबन्दी मूल्य सूची प्रस्ताव फारमको साथ बीउ उत्पादक संस्थाको इजाजत पत्र प्रतिलिपि, प्यान प्रमाणपत्र प्रतिलिपि, २०८१/८२ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपि, संचालकको नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि, गत आ.व. को बीउ उत्पादन र बिक्रि वितरण प्रगति प्रतिवेदन संलग्न राखी पेश गर्नु पर्नेछ ।

२. बिक्री गर्ने आलुको बीउको निम्नानुसारको प्राविधिक स्पेशिफिकेशन सुनिश्चितता भएको प्रतिबद्धता पत्र पेश गर्नुपर्नेछ

**मूल बीउ र उन्नत विउको हकमा**

- मूल बीउ, उन्नत र पंजीकृत गरिएका जातहरुको यथार्थ संकेतपत्र पद्दति अनुसार वीउको ट्याग(जातीय सुद्धताको विवरण) लगाएको हुनुपर्ने
- भाइरस/ब्याक्टेरिया, रोग मुक्त हुनुपर्ने
- ट्युबरको औसत तौल २५-५० ग्राम सम्मको हुनु पर्ने
- समान अंकुरण क्षमता र कम्तिमा प्रतिदाना २-४ आँखा हुनुपर्ने

**पूर्व मूल वीउको हकमा**

- नेपाल सरकारका सरकारी फार्म/अनुसन्धान केन्द्र एवं पूर्व मूल बीउ उत्पादन इजाजत लिएका संस्थाले उत्पादन गरेको हुनुपर्ने
- यथार्थ संकेतपत्र पद्दति अनुसार पूर्व मूल बीउको ट्याग लगाएको हुनुपर्नेछ
- प्रति दाना औसत तौलः १-५ ग्राम
- भाइरस/ब्याक्टेरिया, रोग मुक्त हुनुपर्ने

३. प्राप्त मूल्य सूचीको तुलनात्मक अध्ययन विश्लेषण गरी न्यूनतम मूल्यमा अनुदान प्रवाह हुने गरी यस कार्यक्रमको स्वीकृत अनुदानग्राही मार्फत बीउ आलु खरिद प्रक्रिया अगाडी बढाइनेछ।
नोटः माथि उल्लेखित विवरणहरु अपुग हुने गरी पेश भएका सिलबन्दी मूल्य सूची प्रस्तावहरु स्वीकृत गर्न कार्यालय बाध्य हुने छैन ।

थप जानकारीको लागि परियोजनाको Website: piurupandehi.pmamp.gov.np फोन नं. ०७१५७०२०१, ०७१५७०९१७, ९८५७०१६९१७, ९८५७०१७३८१, ९८६०३३९६९२, ९८६६१७५२४९ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

नारायण काफ्ले
वरिष्ठ कृषि अधिकृत
रा.प.द्वि.(प्रा.)